# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्ष:–४० २०६४ फागुन अङ्क :–८


## सामरिक अध्ययनका विद्यार्थीहरूलाई प्रमाणपत्र वितरण

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा.माधवप्रसाद शर्माले सैनिक कमान्ड तथा स्टाफ कलेजद्वारा संचालित सामरिक अध्ययन विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका विद्यार्थीहरूलाई फागुन २९ गते आयोजित दीक्षान्त समारोहमा शैक्षिक प्रमाणपत्र प्रदान गर्नुभयो ।

प्रमाणपत्र वितरण गर्नुभएको थियो । प्रमाणपत्र पाउनेमध्ये नेपाली सेनाका ४९, सशस्त्र प्रहरीका २ र अनुसन्धान विभागका १ जना थिए ।

समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै प्रधानसेनापति कटवालले आधुनिक विश्वमा प्राज्ञिक गुणस्तरको ठूलो महत्त्व रहेको सन्दर्भमा



त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा सैनिक कमान्ड तथा स्टाफ कलेजद्वारा संचालित सामरिक अध्ययन विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्र प्रदान गर्नुहुँदै । *(तस्वीर: त्रिवि सूचना शाखा )*

त्रिविको सम्बन्धनमा नेपाली सेनाद्वारा काठमाडौं शिवपुरीमा संचालित सो कलेजबाट यस वर्ष २६ जनाले स्नातकोत्तर तह उत्तीर्ण गरेका छन् ।

सोही समारोहमा प्रधानसेनापति रुक्माङगद कटवालले सिसं १४ कमान्ड तथा स्टाफ कोर्सअन्तर्गत यसवर्ष सो कलेजबाट ४२ हप्ताको सैनिक कोर्स पूरा गरेका २६ जनाका साथै स्नातकोत्तर तह उत्तीर्ण गरेका २६ जना गरी ५२ जनालाई सामरिक अध्ययनजस्तो विषय संचालन गर्न त्रिविले नेपाली सेनालाई गरेको सहयोगका लागि धन्यवाद ज्ञापन गर्नुभयो ।

समारारोहको प्रारम्भमा कलेजका कमान्डान्ट ब्रिगेडियर जनरल रामबहादुर गुरुङले स्वागत मन्तव्य दिँदै परिवर्तित परिस्थितिलाई ध्यानमा राखी कलेजले शिक्षार्थीहरूलाई अन्तर्राष्ट्रिय, राष्ट्रिय र क्षेत्रीय तवरमा ज्ञान दिने प्रयास भइरहेको बताउनुभयो ।

## विभिन्न पदमा नियुक्ति

काठमाडौं । त्रिभुवन विश्वविद्यालयले विभिन्न अध्ययन संस्थान र संकायका डीन तथा अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक पदमा २०६४ फागुन २६ गतेदेखि लागु हुने गरी विभिन्न महानुभावहरूलाई नियुक्त गरेको छ।

यसअनुसार डीनमा नियुक्त हुनुहुनेमा इन्जिनीयरिङ अध्ययन संस्थानमा सहप्राध्यापक बाबुराम भट्टराई, वन विज्ञान अध्ययन संस्थानमा सहप्राध्यापक डा. केशवदत्त अवस्थी, कानुन संकायमा प्रा.डा. अम्बरप्रसाद पन्त र व्यवस्थापन संकायमा प्रा.डा. गोविन्द आचार्य हुनुहुन्छ भने प्रा.डा. नवराज कँडेललाई मानविकी तथा सामाजिकशास्त्र संकायका निमित्त डीनमा नियुक्त गरिएको छ।

कार्यकारी निर्देशक पदमा नियुक्त हुनुहुनेमा व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकास्ट)मा सहप्राध्यापक रमेश सिंह, शिक्षा विकास तथा अनुसन्धान केन्द (सेरिड)मा प्रा.डा. अरविन्दलाल भौमी तथा नेपाल र एसियाली अनुसन्धान केन्द्र (सिनास)मा प्रा.डा. यज्ञ अधिकारी हुनुहुन्छ।

यसैगरी सहप्राध्यापक डा. लोचन देवकोटालाई जल तथा मौसम विज्ञान केन्द्रीय विभागको प्रमुखमा २०६४ फागुन १४ गतेदेखि र सहप्राध्यापक रीता श्रेष्ठलाई मनोविज्ञान केन्द्रीय विभागको निमित्त प्रमुखमा २०६४ फागुन १ गतेदेखि लागु हुने गरी नियुक्त गरिएको छ।

त्यस्तै २०६४ फागुन २६ गतेदेखि लागु हुने गरी महेन्द्र बहुमुखी क्याम्पस नेपालगंजमा सहप्राध्यापक रंजितराम पाठक तथा जुम्ला बहुमुखी क्याम्पस जुम्लामा उपप्राध्यापक रुद्रप्रसाद तिमिल्सिना र २०६४ फागुन २१ गतेदेखि लागु हुने गरी पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरामा सहप्राध्यापक डा. पशुपतिनाथ तिमल्सेना क्याम्पस प्रमुख पदमा नियुक्त हुनुभएको छ।

यसैबीच स्वयम्भूस्थित प्राकृतिक विज्ञान संग्रहालयको प्रमुखमा सहप्राध्यापक डा. केशव श्रेष्ठ २०६४ फागुन २१ गतेदेखि लागु हुने गरी नियुक्त हुनुभएको छ।

# गोरखा क्याम्पसमा स्नातकोत्तर तह थप

गोरखा । त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार डा. भीमराज अधिकारीले गोरखा क्याम्पस गोरखाले शुरू गरेको स्नातकोत्तर तह कार्यक्रमको फागुन २ गते आयोजित एक समारोहबीच उद्घाटन गर्नुभयो ।

समारोहलाई सम्बोधन गर्दै रजिस्ट्रार डा.अधिकारीले उच्चशिक्षामा नेपालको लगानी संसारका अन्य मुलुकहरुको तुलनामा कम रहेकाले प्राज्ञिक कार्यक्रमहरू अपेक्षितरूपमा संचालन हुन नसक्दा शैक्षिक गुणस्तर प्रभावित भइरहेको बताउनुभयो ।

उच्चशिक्षामा प्राध्यापनका लागि शैक्षिक योग्यता एमफिल वा पीएचडी हुनुपर्ने मान्यता विश्वका अन्य विश्वविद्यालयहरूले कायम गरिसकेकाले त्रिविले पनि यसको अनुसरण गर्न प्राध्यापकहरूको वृत्ति विकासका लागि आवश्यक व्यवस्था गर्न लागेको उहाँले जानकारी दिनुभयो ।

गोरखा क्याम्पसको दयनीय भौतिक सुविधाको प्रसंग कोट्याउदै रजिस्ट्रार डा. अधिकारीले क्याम्पसको व्ययभार स्थानीयरूपमा कति मात्रामा लिने र विश्वविद्यालयले कति लिने भन्नेबारे स्पष्ट योजनासहित क्याम्पस प्रस्तुत भएमा केन्द्रले केही सहयोग गर्न सकिने बताउनुभयो ।

समारोहमा क्याम्पस प्रमुख डा. लेखनाथ शर्माले गोरखा क्याम्पसका लागि विश्वविद्यालयबाट ज्यादै न्यून मात्रामा मात्र लगानी भएकाले विगत ३० वर्षको अवधिमा क्याम्पसको भौतिक विकास पनि खासै हुन नसकेको बताउँदै बिना आधारभूत लगानी गुणस्तर खोज्न नहुने भनाई राख्नुभयो ।

कार्यक्रममा विधायक परशुराम रम्तेल, गोरखा क्याम्पस प्राध्यापक संघ एकाइ समितिका अध्यक्ष सीताराम न्यौपाने, पूर्वक्याम्पस प्रमुखद्वय नारायणप्रसाद खनाल र भीमप्रसाद वस्ती, त्रिवि कर्मचारी संघका केन्द्रीय अध्यक्ष शम्भुप्रसाद भट्टराई, उपाध्यक्ष तोरणबहादुर खड्का, महासचिव भोजकुमार बस्नेतलगायतका वक्ताले क्याम्पसको न्यून भौतिक अवस्थाको बाबजुद पनि स्नातकोत्तर तहको कार्यक्रम थप गरेकामा खुशी व्यक्त गर्नुभएको थियो ।

स्नातकोत्तर कक्षा संचालन समितिका संयोजक बाबुराम थापाको सभापतित्व र उपप्राध्यापक श्यामकृष्ण विष्टको स्वागत मन्तव्यबाट शुरू भएको सो समारोहमा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, गोरखास्थित विभिन्न विद्यालयका प्रधानाध्यापकहरू, स्थानीय बुद्धिजीवी, समाजसेवी, सरोकारवाला जनसाधारण तथा विद्यार्थीलगायतको उपस्थिति रहेको थियो ।



त्रिविका रजिस्ट्रार डा. भीमराज अधिकारी गोरखा क्याम्पसमा स्नातकोत्तर कक्षा उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै ।

## दुई क्याम्पस एकीकरण

काठमाडौं । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धनप्राप्त कैलाली लम्कीस्थित कर्णाली बहुमुखी क्याम्पसलाई सोही जिल्लास्थित लम्की बहुमुखी क्याम्पसमा एकीकृत गरी लम्की बहुमुखी क्याम्पसको नाममा संचालन गर्न त्रिविले स्वीकृति प्रदान गरेको छ ।

## त्रिवि बुलेटिन वेबसाइटमा

त्रिभुवन विश्वविद्यालय सूचना शाखाबाट प्रकाशित त्रिवि बुलेटिन वेबसाइटमा उपलब्ध छ :

WWW.tribhuvan-university.edu.np

## अनुरोध

मासिक प्रकाशन त्रिभुवन विश्वविद्यालय बुलेटिनमा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा त्रिविका अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*

# कम्प्युटर विज्ञानसम्बन्धी शिक्षक अभिमुखीकरण गोष्ठी सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालय कम्प्युटर विज्ञान तथा सूंचना प्रविधि केन्द्रीय विभागले यस वर्षदेखि संचालन गरेको कम्प्युटर विज्ञान तथा सूचना प्रविधि विषयको ४ वर्षे स्नातक तह कार्यक्रमलाई सुदृढ तवरमा अगाडि बढाउन आयोजित शिक्षक अभिमुखीकरण तथा शिक्षण सामग्री तयारी विषयक तीन दिने कार्यक्रम फागुन २६ गते सम्पन्न भएको छ।



त्रिविका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य कम्प्युटर विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभागद्वारा आयोजित गोष्ठी उद्घाटन गर्नुहुँदै ।
*(तस्वीरः त्रिवि सूचना शाखा ।*

विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गतको सो केन्द्रीय विभागले नेपालमै पहिलो पटक शुरू गरेको उक्त ४ वर्षे (आठ सेमेस्टर) स्नातक तहको कार्यक्रम त्रिविका तीन वटा आंगिक तथा चार वटा सम्बन्धनप्राप्त गरी ७ वटा क्याम्पसमा संचालन भइरहेको छ ।

ती क्याम्पसका सम्बन्धित विशेषज्ञ शिक्षकहरूको सहभागिता रहेको अभिमुखीकरण तथा शिक्षण सामग्री तयारी कार्यक्रमको उद्घाटन त्रिविका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले फागुन २४ गते एक समारोहका बीच गर्नुभएको थियो ।

सो समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै शिक्षाध्यक्ष प्रा.डा. अमात्यले संयुक्त राज्य अमेरिकाका प्रमुख विश्वविद्यालयहरूमा प्रत्येक शैक्षिक वर्षको प्रारम्भमा हरेक विषयमा यस्तो अभिमुखीकरण कार्यक्रम आयोजना गरी पठनपाठनलाई अद्यावधिक पार्ने गरेको सन्दर्भमा यस केन्द्रीय विभागले नयाँ विषयको शुरूआतसँगै अभिमुखीकरण तथा शिक्षण सामग्री परिमार्जन कार्यक्रम पनि थाल्नु सकारात्मक कुरो हो भन्नुभयो ।

समारोहमा बोल्दै केन्द्रीय विभागका प्रमुख डा. टंकनाथ धमलाल यस विषयको चार वर्षे स्नातक तह कार्यक्रम संचालनमा आइसकेको भए तापनि विद्यार्थीहरूलाई परीक्षामा सोधिने प्रश्नहरूको ढाँचा तयारीलगायतका विषयमा निर्क्योलमा पुग्न पनि यो अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो ।

केन्द्रीय विभागले कम्प्युटर विज्ञानमा एक वर्षे पोस्ट ग्रेजुएट डिप्लोमा कार्यक्रम पनि आगामी शैक्षिक सत्रदेखि शुरू गर्ने योजना राखेको जानकारी दिंदै दुई सेमेस्टरको यो कार्यक्रम गणित विषय लिई स्नातक तह उत्तीर्ण गरेका विज्ञान र इन्जिनीयरिङका विद्यार्थीहरूलाई पनि कम्प्युटर विज्ञान तथा सूचना प्रविधिको विषयमा ज्ञान दिलाउन तथा यस विषयमा स्नातकोत्तर तहको अध्ययनमा सरिक हुने अवसर उपलब्ध गराउनका लागि संचालन गर्न लागेका हो भन्नुभयो ।

कार्यक्रममा त्रिवि इन्जिनीयरिङ अध्ययन संस्थानको कम्प्युटर र इलेक्ट्रोनिक इन्जिनीयरिङ विभागका प्रा.डा. शशिधरराम जोशी र क्याथफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनीयरिङ एन्ड म्यानेजमेन्ट ललितपुरका प्रिन्सिपल प्रभात केसीले पनि स्नातक तहमा शुरू गरिएको यो नयाँ विषयबारे प्रकाश पार्नुभएको थियो ।

# क्याम्पसको नाम परिवर्तन

काठमाडौं । चुहानडाँडा, आठराइस्थित तेऱ्हथुम क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकायतर्फको प्रमाणपत्र तह र स्नातक तहको कार्यक्रम संचालन हुँदैआएकामा आर्थिक वर्ष २०६३/०६४ देखि शिक्षाशास्त्र संकायतर्फको ३ वर्षे बीएड कार्यक्रम पनि संचालन भइसकेकाले क्याम्पसको नाम अब तेऱ्हथुम बहुमुखी क्याम्पस कायम भएको सो क्याम्पसले जनाएको छ ।

यसैगरी त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धनप्राप्त भरतपुर चितवनस्थित 'कलेज अफ मेडिकल साइन्सेज'को नाम 'चितवन स्कुल अफ मेडिकल साइन्सेज' र काठमाडौं बांसबारीस्थित 'विश्वशान्ति क्याम्पस'को नाम 'चिरन मिलन विश्वशान्ति क्याम्पसमा परिवर्तन गरिएको छ ।

यस्तै काठमाडौं डिल्लीबजारस्थित 'एफ.डब्लू.टेलर कलेज अफ म्यानेजमेन्ट' को नाम र ठेगाना दुवै परिवर्तन गरिएको छ । अब सो कलेजको नाम 'गोल्डेनगेट इन्टरनेशनल कलेज' र ठेगाना काठमाडौं बत्तीसपुतली कायम गरिएको छ ।

# सहप्राध्यापक र उपप्राध्यापकमा नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न महानुभावहरूलाई सहप्राध्यापक र उपप्राध्यापक पदमा नियुक्त गरेको छ :

**सह प्राध्यापकः**

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| श्री कृष्णप्रसाद भण्डारी | नेपाली | नर्सिङ्ग क्याम्पस,पोखरा | २०६४।१०।८ |
| डा. नवराज कोइराला | साइक्याट्रिक | महाराजगञ्ज क्याम्पस,महाराजगञ्ज | ,, |

**उप प्राध्यापकः**

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| डा.देवबहादुर खड्का | रसायनशास्त्र | रसायनशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०६४।१०।२३ |
| श्री हेमराज पन्त | ,, | पुल्चोक क्याम्पस,पुल्चोक | ,, |
| श्री संगीता माली | ,, | सानोठिमी क्याम्पस,सानोठिमी | ,, |
| श्री कृष्णप्रसाद सापकोटा | व्यवस्थापन | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | ,, |
| श्री कृष्ण खरेल | ,, | ,, | ,, |
| श्री हृदश्वर बीर सिंह | ,, | ,, | ,, |
| श्री नवराज लोहनी | ,, | ,, | ,, |
| श्री डम्बरबहादुर भण्डारी | ,, | महेन्द्र बहुमुखी क्याम्पस,दाङ्ग | ,, |
| श्री अच्युत ज्ञवाली | ,, | व्यवस्थापन केन्द्रीय विभाग, कीर्तिपुर | ,, |
| श्री कुलप्रसाद अर्याल | ,, | सरस्वती बहुमुखी क्याम्पस, लेखनाथमार्ग | ,, |
| श्री ठाकुरप्रसाद थापा | ,, | महेन्द्र बहुमुखी क्याम्पस,दाङ्ग | ,, |
| श्री जितेन्द्रप्रसाद उपाध्याय | ,, | नेपाल कमर्श क्याम्पस,मीनभवन | ,, |
| श्री गोपी भण्डारी | ,, | भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | ,, |
| श्री सानुबाबु भुजेल | ,, | ,, | ,, |
| श्री ज्ञानी शाह (मल्ल) | ,, | ,, | ,, |
| श्री जितेन्द्र डंगोल | ,, | पब्लिकयुथ क्याम्पस, धोबीचौर | ,, |
| श्री सन्तोषकुमार घिमिरे | ,, | रामस्वरुप रामसागर ब.क्याम्पस,जनकपुर | ,, |
| श्री गोपालप्रसाद साह | ,, | ,, | ,, |
| श्री ब्रह्मदेव साह | ,, | ,, | ,, |
| श्री बलराम झा | ,, | ,, | ,, |
| श्री सदनकुमार भगत | ,, | ,, | ,, |
| श्री विनोदकुमार लाल कर्ण | ,, | ,, | ,, |
| श्री सरोजकुमार ठाकुर | ,, | ,, | ,, |
| श्री वीरबहादुर कार्की | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| श्री ध्रुवकुमार बुढाथोकी | ,, | ,, | ,, |
| श्री सनतकुमार श्रेष्ठ | रसायन शास्त्र | ,, | ,, |
| श्री थानेश्वर सुवेदी | ,, | ,, | ,, |
| श्री मनोजनन्दन झा | ,, | ,, | ,, |
| श्री रूद्रप्रसाद तिमिल्सिना | राजनीतिशास्त्र | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगंज | २०६४।१०।२४ |
| श्री ईश्वरीप्रसाद कंडेल | ,, | तेऱ्हथुम क्याम्पस,तेऱ्हथुम | ,, |
| श्रीमती इन्दिरादेवी प्रसाई | ,, | महेन्द्र मोरंग आ.ब.क्याम्पस,विराटनगर | २०६४।१०।२५ |
| श्री विष्णुकुमार भट्टराई | ,, | ,, | ,, |
| श्री मनोहरप्रसाद पराजुली | ,, | राजनीतिशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| श्री भेषराज घिमिरे | ,, | रत्नराज्यलक्ष्मी क्याम्पस,प्रदर्शनीमार्ग | ,, |
| श्रीमती सुलोचना सापकोटा | ,, | बीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | ,, |
| श्री मिलन श्रेष्ठ | ,, | पाटन संयुक्त क्याम्पस,पाटनढोका | ,, |
| श्री अश्वस्थामाभक्त खरेल | ,, | सरस्वती बहुमुखी क्याम्पस,लेखनाथमार्ग | ,, |
| श्रीमती जानुका तिवारी | ,, | भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | ,, |
| श्री वेदप्रकाश शर्मा | ,, | नेपाल र एसियाली अ.केन्द्र,कीर्तिपुर | ,, |
| श्री हरि शर्मा | ,, | राजनीतिशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | ,, |

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षकको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकोले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छः

| शिक्षकको नाम | कार्यालयको नाम | पद | अवकाश लागु मिति |
|---|---|---|---|
| श्री सुवोधनारायण झा | अर्थशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६४।११।१८ |
| श्री पुरूषरत्न वज्राचार्य | शंकरदेव क्याम्पस,रामशाहपथ | सह प्राध्यापक | २०६४।११।१८ |

# राजीनामा स्वीकृत

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदमा रही सेवा गर्दै आउनुभएका निम्न महानुभावहरूको राजीनामा स्वीकृत गरेको छ ।

| _राजीनामा दिनेको नाम | पद | सेवारत निकाय | राजीनामा लागु मिति |
|---|---|---|---|
| डा. पोषराज पाण्डे | उप प्राध्यापक | अर्थशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०५८।१।१ |
| श्रीमती विष्णुकुमारी राई | आउटडोर एटेन्डेन्ट | त्रिवि शिक्षण अस्पताल,महाराजगंज | २०६४।३।१९ |
| डा. राधाबरध्वज खाती | सह प्राध्यापक | पब्लिकयुथ क्याम्पस, धोवीचौर | २०६४।५।१ |
| श्री शरणकुमार राई | सह प्राध्यापक | महेन्द्र बहुमुखी क्याम्पस, धरान | २०६४।१०।५ |
| श्री शिवचन्द्र मिश्र | सह प्राध्यापक | महेन्द्र विन्देश्वरी ब.क्याम्पस,राजविराज | २०६४।११।८ |
| श्री भीमबहादुर कुँवर | सह प्राध्यापक | महेन्द्ररत्न क्याम्पस,ताहाचल | २०६४।११।१६ |

# सहायक क्याम्पस प्रमुखहरूको नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न क्याम्पसका सहायक क्याम्पस प्रमुख पदमा निम्नअनुसार नियुक्त गरेको छ :

| नियुक्त हुनेको नाम | क्याम्पस | अ.सं./संकाय/कार्यक्रम | नियुक्ति लागु मिति |
|---|---|---|---|
| श्री विल्टुनारायण पंडित | सू.स.मो.या.ब.क्याम्पस,सिरहा | व्यवस्थापन | २०६४।३।१ |
| श्री ब्रह्मदेव यादव | ,, | विज्ञान | २०६४।९।५ |
| श्री गुलचन्द्र शाह | ,, | मानविकी | २०६४।९।५ |
| श्री सूर्यकुमार यादव | ,, | शिक्षाशास्त्र | २०६४।९।५ |
| डा. घनश्याम न्यौपाने | भैरहवा बहुमुखी क्याम्पस,भैरहवा | मानविकी/प्रातः | २०६४।५।१ |
| श्री लक्कीप्रसाद जोशी | ,, | व्यवस्थापन/दिवा | २०६४।५।७ |
| श्री केशवलाल श्रेष्ठ | ,, | मानविकी/दिवा | २०६४।९।१ |
| श्री नरेन्द्रराज पाण्डे | ,, | व्यवस्थापन/प्रातः | २०६४।१०।१ |
| श्री विष्णुदेव यादव | रामस्वरूप रा.ब.क्याम्पस,जनकपुर | व्यवस्थापन | २०६४।८।१२ |
| डा. संजय कुमार | ,, | विज्ञान | २०६४।९।५ |
| श्रीमती नीना ख्याउजु (मल्ल) | पद्मकन्या बहुमुखी क्याम्पस,वागवजार | विज्ञान | २०६४।९।८ |
| श्री चन्द्रमणि शर्मा | विश्वभाषा क्याम्पस, प्रदर्शनीमार्ग | मानविकी | २०६४।९।९ |
| श्री अर्जुनबहादुर भण्डारी | गोरखा क्याम्पस, गोरखा | दिवा | २०६४।९।११ |
| श्री पूर्णमान श्रेष्ठ | ,, | विहानी | २०६४।९।११ |
| श्री अनन्त गोपाल सिंह | बुटवल बहुमुखी क्याम्पस,बुटवल | विज्ञान | २०६४।९।१९ |
| श्री किशोर पोखरेल | महेन्द्र बहुमुखी क्याम्पस,दाङ | विज्ञान | २०६४।१०।१ |
| श्रीमती ज्योती पाण्डे | नेपाल कमर्श क्याम्पस,मीनभवन | प्रभातीय | २०६४।१०।२ |
| श्री राजेश्वर न्यौपाने | ,, | दिवा | २०६४।१०।२ |
| श्री महेन्द्र अर्याल | ,, | प्रभातीय | २०६४।१०।२२ |
| श्री संजयकुमार मिश्र | पाटन संयुक्त क्याम्पस,पाटनढोका | मानविकी/रात्रि | २०६४।१०।११ |
| श्री हर्कबहादुर शाही | सुर्खेत क्याम्पस(शिक्षा)सुर्खेत | शिक्षा/विहानी | २०६४।१०।१८ |
| श्री जनकबहादुर रावल | ,, | शिक्षा/दिवा | २०६४।१०।१८ |
| श्रीमती गीता श्रेष्ठ | अमृत क्याम्पस,ठमेल | दिवा | २०६४।१०।२२ |
| डा. देवेन्द्रमानन्द वज्राचार्य | ,, | प्रभातकालीन | २०६४।१०।२२ |

**(बांकी ७ पृष्ठमा)**

# विभिन्न क्याम्पसमा कार्यक्रम संचालन गर्न स्वीकृति

त्रिभुवन विश्वविद्यालयले विभिन्न क्याम्पसहरूलाई आर्थिक वर्ष २०६४/२०६५देखि निम्नअनुसार शैक्षिक कार्यक्रम संचालन गर्न स्वीकृति प्रदान गरेको छ :

| क्याम्पसको नाम | अध्ययन संस्थान/संकाय | तह |
|---|---|---|
| ❖ काभ्रे बहुमुखी क्याम्पस,बनेपा,बुडोल,काभ्रेपलाञ्चोक | व्यवस्थापन संकाय | एम.बी.एस. |
| ❖ जनता बहुमुखी क्याम्पस,इटहरी,सुनसरी | " | " |
| ❖ बीरेन्द्रनगर बहुमुखी क्याम्पस,वीरेन्द्रनगर,सुर्खेत | " | " |
| ❖ गोल्डेनगेट इन्टरनेशनल कलेज, बत्तिसपुतली,काठमाडौं | " | " |
| ❖ नुवाकोट आदर्श बहुमुखी क्याम्पस,बट्टार,नुवाकोट | " | " |
| ❖ सिन्धुली बहुमुखी क्याम्पस,सिन्धुलीमाढी,सिन्धुली | मा तथा सा.शा.संकाय | एम.ए. (समाजशास्त्र/ मानवशास्त्र) |
| ❖ ख्वप कलेज, भक्तपुर | " | एम.ए.(अर्थशास्त्र) |
| ❖ सान्त्वना मेमोरियल बहुमुखी क्याम्पस,शान्तिनगर,काठमाडौं | " | एम.ए.(समाजशास्त्र/ मानवशास्त्र) |
| ❖ गोल्डेनगेट इन्टरनेशनल कलेज, बत्तिसपुतली,काठमाडौं | " | एम.ए.(अर्थशास्त्र र अंग्रेजी) |
| ❖ क्याम्पियन कलेज, कोपुन्डोल, ललितपुर | " | एम.ए(अंग्रेजी) |
| ❖ वालिङ बहुमुखी क्याम्पस,स्याङजा | " | एम.ए.(जनसंख्या अध्ययन) |
| ❖ आदिकवि भानुभक्त बहुमुखी क्याम्पस,दमौली,तनहुं | " | एम.ए.(समाजशास्त्र/ मानवशास्त्र) |
| ❖ उर्लावारी बहुमुखी क्याम्पस, उर्लावारी, मोरङ | " | एम.ए.(ग्रामिण विकास) |
| ❖ परामर्श मनोविज्ञान र सामाजिक अध्ययन कलेज,कालिमाटी | " | Post Graduate Diploma in Counseling Psychology |
| ❖ लोटस एकेडेमिक कलेज,ख्याय्बही,ललितपुर | " | Post Graduate Diploma in Buddhist Studies |
| ❖ पिनाकल कलेज,लगनखेल,ललितपुर | विज्ञान तथा प्र.अ.संस्थान | बी.एस्सी. |
| ❖ कैलपाल एकेडेमी फर हेल्थ साइन्स कलेज, नेपालगन्ज,बांके | " | " |
| ❖ ख्वप कलेज, भक्तपुर | " | " |
| ❖ गोल्डेनगेट इन्टरनेशनल कलेज, बत्तिसपुतली, काठमाडौ. | " | " |
| ❖ बुढिनन्दा क्याम्पस,कोल्टी,बाजुरा | मानविकी तथा सा.शा.संकाय | बी.ए. |
| ❖ सिटिजन्स इन्टिग्रेटेड कलेज,बिजेश्वरी,काठमाडौं | " | " |
| ❖ गोकुलेश्वर बहुमुखी क्याम्पस,गोकुलेश्वर,दार्चुला | " | " |
| ❖ लेकसिटी कलेज,गैह्रापाटन,पोखरा | " | " |
| ❖ रत्नशिक्षा पब्लिक क्याम्पस,कोटेश्वर,काठमाडौं | " | " |
| ❖ ओरियण्ट कलेज,महाराजगंज | " | " |
| ❖ द टाइम्स इन्टरनेशनल कलेज,डिल्लीबजार,काठमाडौं | " | " |
| ❖ मोडल क्याम्पस,दमक १०, झापा | " | " |
| ❖ शिखरापुर क्याम्पस,फपिंग, काठमाडौं | व्यवस्थापन संकाय | बी.बी.एस. |
| ❖ तुलसीमेहर कलेज, धनकुटा | " | " |
| ❖ रमाइलो बहुमुखी क्याम्पस,भौंसावारी, मोरङ | " | " |
| ❖ सोमनाथ वावा क्याम्पस,सुनवल, नवलपरासी | " | " |
| ❖ क्वेष्ट मोडल कलेज, रत्ननगर,चितवन | व्यवस्थापन संकाय | बी.बी.एस. |
| ❖ स्वर्गद्वारी बहुमुखी क्याम्पस,प्यूठान | " | " |
| ❖ पूर्वाञ्चल कलेज,दमक, झापा | " | " |
| ❖ राप्ती विद्यामन्दिर म्यानेजमेन्ट कलेज, तुलसीपुर दाङ | " | " |
| ❖ सिटिजन्स इन्टिग्रेटेड कलेज,विजेश्वरी,काठमाडौं | " | " |
| ❖ कस्मपोलिटन कलेज,चावहिल,काठमाडों | " | " |
| ❖ विश्वज्योति आदर्श बहुमुखी क्याम्पस,प्रगतिनगर,नवलपरासी | " | " |
| ❖ ओरियण्ट कलेज, महाराजगंज,काठमाडौं | " | " |

| क्याम्पसको नाम | | अध्ययन संस्थान/संकाय | तह |
|---|---|---|---|
| ❖ | द टाइम्स इण्टरनेशनल कलेज,डिल्लीवजार,काठमाडौं | व्यवस्थापन संकाय | बी.बी.एस. |
| ❖ | एसियन इन्टरनेशनल कलेज, कीर्तिपुर,काठमाडौं | " | " |
| ❖ | बिएसटी कलेज,बालाजु,काठमाडौं | " | " |
| ❖ | भद्र घले बहुमुखी क्याम्पस,अनामनगर,काठमाडौं | " | " |
| ❖ | लुम्बिनी एकेडेमिक कलेज,चावहिल,चुच्चेपाटी,काठमाडौं | " | " |
| ❖ | कन्काई बहुमुखी क्याम्पस,सुरुंगा,झापा | शिक्षाशास्त्र संकाय | एम.एड. |
| ❖ | महुन्याल बहुमुखी क्याम्पस,भजनी ३, कैलाली | शिक्षाशास्त्र संकाय | तीन वर्षे बी.एड |
| ❖ | कालिका पब्लिक कलेज,रामबजार,पोखरा,कास्की | " | " |
| ❖ | सुनकुडा क्याम्पस,सुनकुडा चिर, बझाङ | " | " |
| ❖ | जीतपुर क्याम्पस,अखौंले जीतपुर ५, धनकुटा | " | " |
| ❖ | क्वेष्ट मोडल कलेज,रत्ननगर,चितवन | " | " |
| ❖ | जेभिटि कलेज, तानसेन,पाल्पा | " | " |
| ❖ | गरुवा बहुमुखी क्याम्पस,दानावारी १, इलाम | " | " |
| ❖ | भिमज्योति क्याम्पस, भिमेश्वर २, खुर्कोट, सिन्धुली | " | " |
| ❖ | प्रयागेश्वर बहुमुखी क्याम्पस,पकरवास गाविस ६, रामेछाप | " | " |
| ❖ | कुशेश्वर विद्यापिठ बहुमुखी क्याम्पस,कुशेश्वर, दुम्जा,सिन्धुली | " | " |
| ❖ | हिमगंगा क्याम्पस,सांघुटार १, रामेछाप | " | " |
| ❖ | श्रृगिश्वर क्याम्पस,रानीवास,गुल्मी | " | " |
| ❖ | थलारा बहुमुखी क्याम्पस,थलारा,बझांग | " | " |
| ❖ | दिव्यज्योति बहुमुखी क्याम्पस,चिसापानी,नवलपरासी | " | " |
| ❖ | मस्याम एकीकृत क्याम्पस,मस्याम २, पाल्पा | " | " |
| ❖ | गोकुलेश्वर बहुमुखी क्याम्पस,गोकुलेश्वर,दार्चुला | " | " |
| ❖ | कालिका बहुमुखी क्याम्पस, काजिपोखरी १८,पोखरा, कास्की | " | " |
| ❖ | विश्वज्योति आदर्श बहुमुखी क्याम्पस,प्रगतिनगर,नवलपरासी | " | " |
| ❖ | मरिण बहुमुखी क्याम्पस,छाप महेश्वता, महादेवस्थान ८, सिन्धुली | " | " |
| ❖ | सिस्ने शिक्षा क्याम्पस, रुकुमकोट, रुकुम | " | " |
| ❖ | लुम्बिनी आदर्श बहुमुखी क्याम्पस,कावासोती, नवलपरासी | " | " |
| ❖ | म्याग्दी बहुमुखी क्याम्पस,फुलवारी, वैनी, म्याग्दी | " | , |
| ❖ | शुभ जनता बहुमुखी क्याम्पस, वरहथवा, सर्लाही | " | " |
| ❖ | सिद्धार्थ सामुदायिक बहुमुखी क्याम्पस,फेदिखोला,स्याङजा | " | " |
| ❖ | सुनसरी बहुमुखी क्याम्पस,इनरुवा, सुनसरी | " | " |

**सहायक क्याम्पस प्रमुख.....**

| | | | |
|---|---|---|---|
| डा. विशनदत्त भट्ट | भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | विज्ञान | २०६४।१०।२७ |
| श्री पद्मकृष्ण श्रेष्ठ, | सानोठिमी क्याम्पस,सानोठिमी | विहानी | २०६४।११।१५ |
| श्री विरेद्रकुमार वर्मा | " | दिवा | २०६४।११।१५ |
| श्री श्रीभद्र न्यौपाने | शंकरदेव क्याम्पस,पुतलीसडक,काठमाडौं | दिवा | २०६४।११।२० |
| श्रीमती रुचिला पाण्डे | " | प्रातः | २०६४।११।२० |
| श्री हनी श्रेष्ठ | पद्मकन्या बहुमुखी क्याम्पस, वागवजार | मानविकी/प्रातः | २०६४।११।२२ |
| श्री लोकनाथ दुलाल | " | मानविकी/दिवा | २०६४।११।२२ |
| श्री सूर्यप्रसाद पौडेल | " | व्यवस्थापन/दिवा | २०६४।११।२२ |
| श्री शेर जंग खड्का | " | व्यवस्थापन/प्रातः | २०६४।११।२२ |
| श्रीमती मीना तुलाधर | पब्लिकयुथ क्याम्पस,धोविचौर | दिवा | २०६४।११।२२ |
| श्री राजकुमार कोइराला | पोखरा क्याम्पस,पोखरा | वन विज्ञान | २०६४।१२।१ |

# चित्र तथा मूर्तिकला प्रतियोगीहरू पुरस्कृत

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा र रजिस्ट्रार डा. भीमराज अधिकारीले ललितकला क्याम्पसमा आयोजित उपत्यकाव्यापी अन्तर क्याम्पस चित्र तथा मूर्तिकला प्रतियोगिताका उत्कृष्ट कलाकार विद्यार्थीहरूलाई फागुन १४ गते क्याम्पसमा आयोजित समारोहमा संयुक्तरूपमा पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनद्वारा आयोजित प्रतियोगितामा ६ वटा क्याम्पसबाट १०४ वटा चित्र र १८ वटा मूर्ति समावेश गरिएको थियो ।

समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै उपकुलपति प्रा.डा. शर्माले ललितकला क्याम्पसले आगामी शैक्षिक सत्रदेखि नै स्नातकोत्तर तहको कार्यक्रम संचालन गर्न आवश्यक तयारी थाल्न सुझाव दिनुभयो ।




त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा ललितकला क्याम्पसमा आयोजित चित्रकला प्रतियोगिताका विजयीहरूलाई पुरस्कार प्रदान गर्नुहुँदै ।
*(तस्वीरः त्रिवि सूचना शाखा )*

ललितकला विषय अध्यापन हुने त्रिविको एक मात्र यस क्याम्पसको पाठ्यक्रमलाई समयअनुसार परिमार्जन गरी क्याम्पसले दिने उपाधिलाई विश्वका जहाँसुकै पनि मान्य बनाउन छलफल थाल्नुपर्नेमा जोड दिँदै उहाँले त्रिविले बीबीएलगायत विभिन्न विषयको ४ वर्षे स्नातक तह संचालन गरिरहे जस्तै ललितकलाको स्नातक तहलाई पनि ४ वर्षे अवधिको गर्न क्याम्पसबाट माग भइआएमा त्रिविलाई कुनै आपत्ति नहुने जानकारी दिनुभयो ।

ललितकलाको विधालाई विकसित गर्दै छुट्टै संकायमा संचालन गर्ने सोचका साथ काम अगाडि बढाउन सुझाव दिँदै उपकुलपति प्रा.डा. शर्माले यसका लागि आवश्यक जनशक्ति र कार्यक्रमको आवश्यकता पर्ने भएकाले यसतिर योजना बनाउन आग्रह गर्नुभयो । साथै उहाँले कीर्तिपुरमा ललितकला क्याम्पसका लागि भनेर केही वर्षअघि नै निर्माण पूरा भइसकेको भवनमा छिट्टै क्याम्पस स्थानान्तरण गर्न पनि क्याम्पस व्यवस्थापनलाई अनुरोध गर्नुभयो ।

समारोहलाई सम्बोधन गर्दै रजिस्ट्रार डा. भीमराज अधिकारीले कला क्षेत्रमा विश्वमै नाम कहलिएको नेपालको कला क्षेत्रलाई शिक्षाको माध्यमबाट विकास गर्दै लग्न स्थापना भएको ललितकला क्याम्पसलाई हालको स्थितिबाट अगाडि बढाउन यस विधामै लागेका व्यक्तिहरू अझ यस क्याम्पसकै सदस्यहरू लाग्नुपर्ने बताउँदै यस क्याम्पसबाट उपाधिप्राप्त विद्यार्थीहरूलाई विदेशमा थप अध्ययनका लागि जानुपर्दा त्रिविका कुनै नियम वा विनियमले बाधा पार्ने गरेको छ भने त्यसलाई फुकाउन त्रिवि तयार छ भन्नुभयो ।

क्याम्पस प्रमुख गोविन्दलाल डंगोलले विगत एक दशकदेखि यसप्रकारको प्रतियोगिता क्याम्पसमा आयोजना हुन नसकेको परिप्रेक्ष्यमा स्ववियुले यस पटक आयोजना गरेकामा खुशी व्यक्त गर्दै यस क्याम्पसप्रति त्रिविको केन्द्रीय व्यवस्थापनको ध्यान नगएकाले क्याम्पसले अपेक्षितरूपमा उन्नति गर्न नसकेको बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ कलाकारत्रय मदन चित्रकार, किरण मानन्धर र उत्तम नेपालीले क्याम्पसको भवन जीर्ण भइसकेको, पठनपाठनका लागि कक्षा कोठाहरू अपर्याप्त रहेकाले समस्या रहेको बताउँदै यस क्याम्पसलाई सुदृढ तवरले संचालन गर्नेतर्फ त्रिवि व्यवस्थापन उदासिन रहेको गुनासो गर्नुभएको थियो ।

कार्यक्रम क्याम्पस स्ववियु सभापति लालकाजी लामाका अध्यक्षतामा सम्पन्न भएको थियो ।


| | | |
|---|---|---|
| **प्रकाशक** | : | सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६ |
| E-mail | : | tuinformation@yahoo.com |
| Website | : | www.tribhuvan-university.edu.np |
| **सम्पादक** | : | प्रेमकृष्ण चित्रकार |
| **सहायक सम्पादक** | : | राजेश वज्राचार्य |
| **कम्प्युटर सेटिंग** | : | पद्मरत्न चित्रकार |
| **मुद्रक** | : | त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१ |

**प्रापकः**